**INTELLECTUAL INCEPTION: A Multidisciplinary Research Journal of Bhojpur Campus**
(Peer Reviewed)
ISSN: 2990-7934, Volume 3, Issue 1, June 2025, pp 86-103
Published by Research Management Cell (RMC), Bhojpur Multiple Campus, Bhojpur
E-mail: rmcbhojpur@gmail.com

# नेकपा माओवादीको भोजपुर आक्रमण २०६० को विश्लेषणात्मक अध्ययन

शक्तिराज राई
शिक्षण सहायक, राजनीतिशास्त्र विभाग, भोजपुर बहुमुखी क्याम्पस, भोजपुर

***Article History:*** Submitted 3 April 2025; Reviewed 11 May 2025; Revised 16 June 2025
***Corresponding Author:*** Shakti Raj Rai, Email: shaktirajkirat@gmail.com
***DOI:*** https://doi.org/10.3126/iimrjbc.v3i1.81408

## सार

*यो अनुसन्धानले नेपाली जनयुद्ध (२०५२-२०६३) को सन्दर्भमा नेकपा (माओवादी) जनमुक्ति सेनाद्वारा २०६० सालको भोजपुर रिपिटर टावर आक्रमणको विश्लेषण गरेको छ । २००७ सालको जनक्रान्तिमा ऐतिहासिक भूमिका खेलेको भोजपुर, माओवादी रणनीतिमा विशेष प्राथमिकताको केन्द्र बन्यो । उक्त आक्रमणको सैनिक, सामाजिक-राजनीतिक, तथा मानवीय प्रभावहरूको अध्ययन गर्नु यस अनुसन्धानको उद्देश्य रहेको छ । यो अध्ययन गुणात्मक तथा परिमाणात्मक दुबै विधिको प्रयोगमा आधारित छ । जसमा प्राथमिक स्रोत र द्वितीयक स्रोतहरु जस्तै सरकारी प्रतिवेदन, समाचार र पूर्व प्रकाशित दस्तावेजहरूको आधारमा विश्लेषण गरिएको छ । यस अध्ययन अनुसार १००० भन्दा बढी लडाकुहरू सहभागी मध्ये योजनाबद्ध आक्रमणमा २७ जना जनमुक्ति सेनाका लडाकुहरू र ३२ जना राज्य सुरक्षा निकायका सदस्यहरूको मृत्यु भएको थियो । १६ जना लडाकुहरू र २२ जना सुरक्षाकर्मीहरू घाइते भएका थिए भने ११ जनालाई अपहरण गरिएको थियो । आक्रमणबाट जिल्ला प्रशासन कार्यालय, कारागार, टेलिकम र बैंक जस्ता पूर्वाधारहरू पूर्ण रूपमा ध्वस्त भए । संचार प्रणाली ध्वस्त हुँदा लामो समयसम्म जनसाधारण सूचना प्रवाहबाट वञ्चित हुन पुग्यो । भोजपुर आक्रमण माओवादी द्वन्द्वको एक महत्वपूर्ण रणनीतिक मोड थियो, जसले राज्य संरचनामाथि सशस्त्र दबाब सिर्जना गर्न मात्र नभई, जनताको बीचमा आफ्नो सशक्त उपस्थिति जनाउने उद्देश्य बोकेको थियो । सशस्त्र संघर्षले ल्याएको क्षेत्रीय राजनीतिक रूपान्तरणलाई स्पष्ट पार्ने कुरा यो अध्ययनको निष्कर्ष रहेको छ ।*

**प्रमुख शब्दावली**: बिद्रोह, द्वन्द्व, आक्रमण, ध्वंस, सहादत, घाइते, अपहरण ।

## परिचय

यस अनुसन्धानले नेकपा (माओवादी) को भोजपुर आक्रमण २०६० को अध्ययन गरेको छ । भोजपुर नेपालको पूर्वी जिल्लाहरु मध्ये परिवर्तनको पक्षमा क्रान्ति गर्दै योगदान दिने जिल्ला पर्दछ । २००७ सालको जनक्रान्तीको अगुवाई भोजपुरको अतुलनीय योग्दान रहेको छ । यो जिल्लाको

छबिलाई मध्यनजर गर्दै नेकपा (माओवादी) पार्टीको योजना मुताबिकको बिद्रोहलाई अगाडि बढाउन भोजपुरलाई विशेष स्थानमा राखेको पाईन्छ । नेकपा (माओवादी) को पार्टी बिस्तार र संगठित गर्ने क्रममा केन्द्रिय नेताहरु जनयुद्धको निमित्त जनतामाभ्क पार्टीको रणनीतिबारे प्रशिक्षण गर्न "जनचेतना अभियान" कार्यक्रम दिदै डा.बाबुराम भट्टराई, हिसीला यामी, माइला लामाको टोली सोलु, ओखलढुंगा, खोटाङ हुँदै भोजपुर आएको टोलीले टुडिखेलको आयोजित आमसभामा २०५२ मंसिर ८ गते विविध सांस्कृतिक कार्यक्रमका माभ्क यस जिल्लामा पहिलोपटक जनयुद्ध घोषणा गरेका थिए (राई, २०८२) । नेकपा (माओवादी) को मूल सिद्धान्त मार्क्सवादा, लेनिनवाद, माओवादलाई आत्मसात गर्दै "प्रतिक्रियावादी सत्तालाई ध्वंस गर्दै नयाँ जनवादी सत्ताको स्थापन गर्न जनयुद्धको बाटोमा अघि बढौं (प्रचण्ड,२०५७) भन्ने मुल नाराका साथ सशस्त्र आक्रमण २०५२ फागुन १ पहिलो दिन राज्यको सुरक्षा निकाय मतहतका रोल्पाको होलेरी प्रहरी चौकी, रुकुम राडी प्रहरी चौकी, सिन्धुलीगडी प्रहरी चौकी माथीको आक्रमण, राज्यको अर्थ संग सम्बन्धित च्याङ्ली गोर्खा स्थित साना किसान बिकास आयोजना र व्यक्ति (सामन्त केन्द्रित कारबाही अन्तर्गत काभ्रेपलान्चोकका दौलत बिक्रमका घरबाट कगजात र तमसुक कब्जामा लिइ नष्ट गरिदिनुका साथै जग्गाधनी लालपुर्जा सम्बन्धित किसानहरूलाई वितरण गरि राज्यसँग प्रत्यक्ष द्वन्द्वमा अगाडी बढेको थियो (नेकपा (माओवादी) को मुखपत्र,पूर्णाङ्क-२, २०५३) । त्यो द्वन्द्वको प्रभाव र पार्टी संगठन बिस्तारले नेपाललाई प्रभाव पारेको थियो भने भोजपुरमा पनि यसको प्रभाव रहनपुग्यो ।

नेकपा (माओवादी) केन्द्रीय पार्टीको निर्देशित सिद्धान्त अनुरुप पहिलो योजना कार्यान्वयन गर्न भोजपुरको तयारी लडाकु दस्ता, सुरक्षा दस्ता, स्वयंसेवक दस्ता गरि तीन प्रकारको सांगठनिक दस्ता, जसमा पूर्णकालीन सदस्यहरुको तीनवटा पाँच-पाँच सदस्यीय लडाकु दस्ता निर्माण भएनुसार लडाकु दस्ताबाट मिलाएर एउटा सात सदस्यीय कमाण्ड बनेको थियो । त्यो दस्ता नेकपा ( माओवादी) को पार्टीको केन्द्रीय योजना अनुरुप मुलनारा र अन्य सहायक नाराहरुका साथ भोजपुरबाट तीन दिन अगाडीनै बाटोलागि अन्य स्थानबाट भेला भएका मोर्चाद्वारा २०५२ फागुन १ गते राती सिन्धुलीगढी प्रहरी चौकीमाथि आक्रमण सफल गरेर त्यो ७ जनाको लडाकु दस्ता फागुन ५/६ मा भोजपुर फर्केको थियो । यही सिन्धुलीगढी प्रहरी चौकीको पहिलो आक्रमणबाट भोजपुर नेकपा (माओवादी) सशस्त्र द्वन्द्वमा प्रत्यक्ष लामबद्ध बन्न पुगेको थियो (राई, *२०८२)*। देशको त्यो ५ ठाउँको आक्रमण पश्चात् राज्यका सुरक्षाकर्मीबाट नेकपा (माओवादी) माथीको कारबाही र धरपकडमा व्यापकता ल्यायो । छापामार युद्धको अभ्यास र स्रोतको खोजी कार्यमा जुटिरहेका पार्टीका जिम्मेवार ब्याक्ती क."निकास" कृष्णकुमार राईलाई २०५२ फागुन १४ गते तुम्लिङटार संखुवासभाका सुरक्षाकर्मीले गिरफ्तार गरि खादबारी हिरासतमा ल्यायो । भोजपुरको लडाकु दस्ताबाट खटिएकामध्ये एक कृष्ण कुमार राई सिन्धुली प्रहरी चौकी आक्रमणका सहभागी योद्वा थिए (राई, *२०८२)* । यो अवधी (०५३-०५४ सम्म गाउँमा नेकपा (माओवादी) को प्रभाव त्यस्तो व्यापक र बिस्तार थिएन, पूर्णकालीन कार्यकर्ता बनाउन सकिरहेका अवस्था थिएन । जब तुम्लिङटारबाट कृष्ण राईको गिरफ्तार पछि भोजपुर साङ्पाङ्ग गा.बि.स.मा दंगा प्रहरी खटाइएको थियो । उक्त सुरक्षाकर्मीको कार्यले जनताको माओवादी प्रतिको दृष्टिकोणमा फरक ल्याइदिए सुरक्षाकर्मीप्रति बदलाको भावना र आक्रोश पैदा गरायो । २०५३ को सुरुतिर क."आलोक" यानप्रसाद गौतम पूर्वी

कमाण्ड सम्हालेका थिए । पूर्वाञ्चलका जि.क. बैठकले उप-ब्यूरोका इन्चार्ज (मेची-कोशी) क. “आलोक” अध्यक्षतामा नेपाल बहिर सैन्य प्रशिक्षण भएको थियो । यस प्रशिक्षणमा भोजपुर जिल्लाका क.“दिपेश” राई, क. “शिव” श्रेष्ठ प्रशिक्षणमा सहभागी रहेका थिए । उक्त प्रशिक्षण पछि २ जनाको कमान्डमा ७ जनाको स्क्वाएर्ड बन्यो । उक्त स्क्वाएर्डलाई राजनीति र शारीरिक प्रशिक्षण दिन थालियो । यसै समय माओवादीले सकेट बमको निर्माण सगै राजमार्गबाट नै प्रयोग गरि जिल्ला भित्राएका थिए । साथै जिल्ला भित्र बन्दुक र खुकुरी निर्माण गर्न थालेका थिए (राई, २०८२) । यसै अवधिमा नेपाली राजनीतिमा राष्ट्रिय पार्टीहरु विभाजन र एकीकृत हुने कार्यले पनि नेकपा (माओवादी) को संगठन वृद्धि र बिस्तार हुने अवसर प्राप्त भएको थियो । यही समय नेकपा एमाले २०५४ मा विभाजन भइ एमाले र माले दुइवटा पार्टीको अस्तित्व कायम रहन पुग्यो । यी दुबै पार्टी भित्र एउटा शक्तिशाली कम्युनिस्ट पार्टी हुनपर्छ भन्ने मान्यता बोकेका कार्यकर्ताहरु माले र एमाले परित्याग गर्दै नेकपा (माओवादीपार्टीमा प्रवेश गर्न थाल्ने क्रममा सबैभन्दा पहिला क्याम्पसमा अध्ययनरत माले र एमाले निकट अनेरास्ववियूका प्रबुद्ध बिद्यार्थी बर्ग नै थिए । यो क्रम अनेरास्ववियु जिल्लाका नेताहरू, इलाका सदस्यहरु, मा.वि. इकाई कमिटीका विद्यार्थीहरुको क्रम क्रमशः ठूलो जमात नेकपा (माओवादी) प्रवेश भयो । २०५६ को आम निर्वाचन पछि माले र एमाले जब एकीकृत हुने बेला २०५८ मा परिवर्तन चाहने धेरै गा.बि.स.का निर्वाचित अध्यक्षहरु श्यामसिला, तिवारीभञ्ज्याङ, च्याङ्ग्रे, बास्तिम, जरायोटार, भैसीपंखा, गुप्तेश्वर, खावा, सिन्द्राङ्ग क्रमशः नेकपा (माओवादी) प्रवेश गरेका थिए । यसै गरि नेपाली कांग्रेसबाट विजयी भुल्के गा.बि.स.का अध्यक्ष माओवादीमा प्रवेश गरेका थिए । यो प्रवेशसगै माओवादीको पूर्णकालिन सदस्य र कार्यकर्ताहरु जिल्ला भरी ह्वात्तै बढेको थियो (राई, २०८२) । पुरानो सत्ता र माओवादी पार्टी दुबैका बीच २०५८ साउन ८ मा युद्धविरामको घोषणा गरियो । त्यहीँ समय पार्टीका कार्यकर्ता जो जेलमा बन्दी बनाइएको थियो । उनीहरू पनि जेलबाट बाहिर निस्केको वातावरण बन्यो र बाहिर निकालिए । यो अवस्थामा पार्टी गाउँ गाउँमा बिस्तार भएर गयो । नेकपा माओवादी पार्टीले यही समय भोजपुरको दक्षिणी भाग घोरेटार र बालँखामा (हालको हतुवागढी र आमचोक गा.पा.) पहिलो पटक प्रवेश गरी पार्टी बिस्तारसँगै बृहत रुपमा खुल्ला आमसभा सम्पन्न गरेका थिए । यही समय भोजपुरमा नेकपा माओवादी पार्टीको २ वटा प्लाटुन जनसेना निर्माण भइ पछि यसैको वृद्धिरुप कम्पनी र बटालियन सम्मको बिकास भएको थियो (राई, २०८२) । नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डको अनुसार “जबसम्म नेपालमा साम्राज्यवादको कठपुतली रुपमा काम गरिरहेको हिन्दु उच्च जातीय अहंकारवादमा आधारित सामन्ती राज्यका बिरुद्ध सबै वर्ग जाति-जनजाती र क्षेत्रका जनताको संयुक्त संघर्षको आँधीवेहरी सृष्टि हुँदैन तबसम्म प्रतिक्रियावादीहरुले फुटाउ र शासन गर को नीतिअन्तर्गत आफ्नो लुटको स्वर्ग बचाई राखेकाछन । यो नीति विरुद्ध पार्टीले जुट र शासन गरको नीतिअन्तर्गत देशका तमाम शोषित पीडित जनसमुदायको संयुक्त मोर्चा कायम गरि अगाडी बढौं (नेकपा (माओवादी)को मुखपत्र, २०५३)” । यस लेखबाट जनबिद्रोहको चरणमा रहेको (२०४९ भदौ ५ मा स्थापित) खम्बुवान राष्ट्रिय मुक्ति मोर्चा गोपाल खम्बुको नेतृत्वमा किरात मुक्तिको जागरण सोलु, ओखलढुंगा, उदयपुर, खोटाङ र भोजपुरमा चलिरहेको अवस्थामा यो आलेखबाट प्रभावित बन्न पुगे । यही क्रममा सोलु सल्लेरी संस्कृत बिद्यालय र नेपालको दोस्रो सार्बजनिक बिद्यालय बि.सं.१९३२ मा स्थापित भोजपुरको षडानन्द संस्कृत उच्च मा.बि.मा २०५४ असारमा बम

विष्फोटन गरि बिद्रोहमा उत्रिएका थिए । यसैगरी २०५७ कार्तिक १६ गते गोगने गा.बि.स.मा रहेको विद्धेश्वर संस्कृत मा.बि.मा रहेको सम्पूर्ण संस्कृतका पाठ्यपुस्तक जम्मा गरि आगोलगाई नष्ट गरिदिएका थिए । यीनै घटनाबाट क्रान्तिमा उत्रेको खरामो जातीय स्वतन्त्रताका लागि नलडीकन मुक्ति पाइन्दैन भन्ने सिद्धान्तबाट सरकारलाई बाधा अवरोध खडा गर्न प्रत्यक्ष रुपमा नेपालका पूर्वी जिल्लाहरुमा भौतिक पूर्वाधार र मानवीय कारबाहीमा अगाडी बढेको थियो । यसै अन्तर्गत २०५७ कार्तिकमा संखुवासभाको आँखीभुइँमा नेकपा (माओवादी) का दोय नेता मोहन बैद्य र देव गुरुङको उपस्थितिमा खम्बुवान र लिम्बुवान दुबै मोर्चाबीच एकतापछि खरामोबाट किरात राष्ट्रिय मुक्ति मोर्चा बन्न पुगेको थियो । वर्गीय र जातीय संघर्षका निमित्त लडेका माओवादी र किरामो बीच एकता पुनः विभाजन पछि (२०६० असार ३१ मा) क.प्रचण्ड, राम ब.थापा र देब गुरुङको उपस्थितिमा किरामोको पुनः माओवादीसँग एकीकरण भयो । जातीय मुक्तिको लागि लडिरहेका किरामोसँग माओवादीको तुलनामा हातहतियार नभए पनि उसको लडाकु सेनाको जनशक्ति भएका कारण पूर्वका जिल्लाहरूमा क्रान्तिका निमित्त ठूलो सहयोग पुग्यो र जिल्लामा पहिलो चोटि यस एकताले रणनीतिक सन्तुलनका लागि बाटो तयार गर्यो (राई, २०६७) । नेकपा (माओवादी) ले आफ्नो मार्गदर्शक सिद्धान्त मार्क्सवाद, लेनिनवाद, माओवाद र प्रचण्ड पथको दर्शनलाई २०५७ सालदेखी ग्रहण गरेपछि जिल्लामा माओवादी बिस्तार हुनेक्रम बढेसँगै क्रमिकरुपमा केन्द्रीय नेताहरुको आगमन, जनसेनाको बिस्तारसँगै राजनैतिक, सांस्कृतिक, भौगोलिक आधारमा स्वशासनको मोर्चा निर्माण गर्दै संघर्षका विकासबाट प्रमुख क्षेत्रहरुमा स्थानीय सत्ताको अभ्यासबाट जातीय र वर्गीय स्थिति अनुसार स्वशासनलाई व्यावहारिक रुपदिने काम जिल्लाको भूगोलको विभाजन गरि नेकपा माओवादीद्वारा छापामार आक्रमणबाट जिल्लाका विभिन्न ठाउँमा द्वन्द्वको रणमैदानमा परिणत बन्नपुगेको थियो (राई, २०८२) । नेकपा माओवादीले २०५२ फागुन १ बाट राज्यका विभिन्न ठाउँमा गरेको आक्रमणको संख्या २०६० फागुन ९ सम्ममा २९१ औं पुगिसकेको थियो भने भोजपुर भित्र राज्यपक्षका सुरक्षाकर्मी र माओवदी जनसेना बीच ७ औ पल्ट ठूलाठूला भिडन्त भइ सकेका थिए । नेकपा माओवादीबाट २०६० फागुन १९ मा भएको भोजपुर रिपिटर टावर आक्रमण २९२ औं भिडन्त रहेको थियो । यो अध्ययन २०६० फागुन १९ को रिपिटर टावरको दोहोरो भिडन्तबाट भोजपुर जिल्लाभित्र राज्यपक्ष, विद्रोहीपक्षबाट भएका मानवीय क्षती, राज्यपक्षले बेहोर्नु परेको भौतिक पूर्वाधारको क्षति, घाइते तथा अपांगता र अपहरणबाट प्रभावित व्यक्तिहरुको विश्लेषणमा केन्द्रित रहेको छ ।

**समस्या कथन**

नेपालको गृहयुद्ध (२०५१-२०६०) कालीन विवादास्पद घटनाहरुमध्ये एक हो । २०६० फागुन १९ मा भोजपुर रिपिटरटावरमा भएको नेकपा (माओवादी) जनसेनाको आक्रमण भएको थियो । यसले नेपालको संचार अवरोध गर्नुका साथै राज्य र बिद्रोहीबीचको शक्ति सन्तुलनमा ठूलो प्रभाव पार्यो । तर, यस घटनाको विस्तृत विश्लेषण, युद्ध सामग्री र सामाजिक-आर्थिक प्रभाव सम्बन्धी अध्ययन अभाव रहेको छ । यस लेखमा उठाइएको शोध समस्याको समाधानका लागि उद्देश्यमा आधारित निम्नलिखित शोध प्रश्नलाई आधार बनाइएको छ ।

१) टावर आक्रमणमा जनसेनाद्वारा केकस्ता सामरिक हतियार प्रयोगमा ल्याएको थियो ?

२) जनसेना आक्रमणबाट राज्य पक्षमाथि के कति क्षती पुऱ्याएको छ ?

३) आम नागरिकमाथि द्वन्द्वले पारेको प्रभावको क्षति के कस्तो छ ?

उपयुक्त शोधप्रश्नका आधारमा शोधप्रश्नका समाधान गर्नु यसलेखको प्रमुख उद्देश्य हो । यस लेखमा २०६० फागुन ८, ९, १९ र २८ गते भित्र रहेर भोजपुर सदरमुकाम स्थित रिपिटर टावरमा विद्रोही पक्ष र राज्यपक्षका बीच भएको द्वन्द्वको प्रभावको मात्र अध्ययन गरिएको छ । यस लेखको अध्ययनबाट भोजपुर जिल्ला र जिल्लामा द्वन्द्वकालिन समयमा भएका प्रभावको विषयमा अध्ययन गर्ने पाठक, विद्यार्थी, शिक्षक र अनुसन्धान कर्ताका लागि पुरक सामग्री रहेको छ ।

**पूर्वसाहित्यको समीक्षा**

प्रचण्ड (२०५७) को नेपाली क्रान्तिका समस्याहरु, भाग-२ ले नेपाली जनयुद्धको वैचारिक आधार, माक्सवाद-लेनिनवाद-माओवादको प्रयोग र माओवादी क्रान्तिको ऐतिहासिक तथा रणनीतिक विश्लेषण प्रस्तुत गर्छ । पुस्तकले नेपाली जनयुद्ध २०५२ बाट सुरु भएको, विभिन्न जिल्लाहरुमा घटेका संघर्षहरु र विद्रोही रणनीतिहरु समेटेको छ । नेपाली क्रान्तिको वैश्विक सन्दर्भ र स्थानीय कार्यान्वयनको समिश्रणमा केन्द्रित यो कृति जनआन्दोलन बुझ्न महत्वपूर्ण रहे पनि भोजपुरको घटनाबारे यस पुस्तकमा उल्लेख रहेका पाइन्न ।

भण्डारी (२०६६) को जनयुद्ध र जनमुक्ति सेनाले जनमुक्ति सेनाको संरचना, रणनीति र कारबाही योजनाहरुको विश्लेषण गर्छ । पुस्तकमा जनसेनाको सुरुवाती विकासदेखि लिएर युद्धको रणनीतिक प्रयोग, क्षेत्रीय संगठन र प्रमुख आक्रमणहरुको विवरण छ । लेखकले सूचनाको अभाव, युद्ध रणनीतिक कमजोरी र राज्यपक्षीय सुरक्षा चुनौतीलाई पनि उठाएका छन् । यो पुस्तक जनयुद्धकालीन सैन्य अध्ययनको महत्वपूर्ण दस्तावेज रहे पनि भोजपुरको रिपिटर टावरको सूचना अप्रर्याप्त छ ।

थुलुङ, (२०४५), सन्दर्भ वि.सं. २००७ सालको जनक्रान्ति, (बिर्सेका अनुहारहरुः बिर्सन नसकेका घटनाहरु), पुस्तक भुतपुर्व सैनिकहरु संगठित भइ प्रजातन्त्र प्राप्तिको लागि योग्दान पुराउने “मुक्तीसेनाहरुको” अतुलीय योगदानसँगै सैनिक विज्ञानमा आधारित पुस्तक रहेको छ । जहाँ सम्पूर्ण राजनीतिक कमाण्ड सैनिक योजना नारादमुनी थुलुङद्वारा नेतृत्व भएको छ भने सैनिक कमाण्ड लेफ्टिनेट रामप्रसाद राईको कमाण्डमा पहिलो विश्वयुद्ध र दोस्रो विश्वयुद्धमा सहभागी नेपाली भुतपुर्व सैनिकहरुको युद्धा रणनीति, युद्धकौशल, युद्ध सामर्थ्यको, सामरिक क्षमताको ज्वलन्त शिक्षा यस पुस्तकमा रहेको छ । यसैगरी, पुस्तकले वि.सं. २००७ सालको क्रातिपछि नेपालमा एकीकृत जनसत्ता स्थापना लागि मुक्तिसेनाले भोजपुर जिल्लाबाट सुरु गरेको आन्दोलनलाई तथ्यगत रुपमा प्रस्तुत गरेको छ । विशेष रुपमा, मुक्तिसेना नेतृत्वद्वारा भोजपुरमा “स्वतन्त्र नेपाल रेडियो” स्थापना गरिएको विवरण पुस्तकमा समावेश छ, जुन नेपालको पहिलो रेडियो प्रसारणका रुपमा उल्लेखीय छ । साथै, भोजपुर लगायत ११ जिल्ला कब्जा गरेर सामूहिक सरकार स्थापना गरिएको ऐतिहासिक पृष्ठभूमि यस कृतिमा सविस्तार गर्णन गरिएको छ । पुस्तकमा वर्णित कुराहरुले नेपाली जनआन्दोलनमा सैनिक योगदान र स्वतन्त्रताको लागि गरिएको प्रयासको दस्तावेजी प्रमाण प्रदान

गर्दछ । यो पुस्तक नेपालका सामाजिक, राजनीतिक र सैनिक संघर्षहरुको अध्ययनका लागि महत्वपूर्ण स्रोत हो ।

कार्ल मास्र्स र ऐन्गेल्स (१८४८) “कम्युनिष्ट घोषणा पत्र” मा मार्क्सवादी सिद्धान्त सैद्धान्तिक रुपमा भौतिकवादी दृष्टिकोण र ऐतिहासिक भौतिकवादमा आधारित हुन्छ । कार्लमार्क्स र फ्रेडरिक एङ्गेल्सद्वारा प्रतिपादित यस सिद्धान्तले समाजको विकास, उत्पादनका साधन र वर्गसंघर्षलाई केन्द्रीय विश्लेषणको आधार बनाउँछ । यसले सामाजिक संरचनाको उत्पत्ति र परिवर्तनलाई वर्गीय द्वन्द्वबाट उत्पन्न हुने ऐतिहासिक प्रक्रियाका रुपमा हेर्छ ।

मार्क्सवादको मूल आधारहरु यस प्रकार छन् :

### भौतिकवादी दृष्टिकोण

प्रकृति र समाज परिवर्तनशील छन् र विकास द्वन्द्वात्मक प्रक्रियाबाट हुन्छ । यसले विरोधी शक्तिहरुको संघर्षबाट नयाँ अवस्था उत्पन्न हुने देखिन्छ ।

### ऐतिहासिक भौतिकवाद

समाजको इतिहास वर्गसंघर्षको इतिहास हो । उत्पादनका साधनहरु कसको स्वामित्वमा छन् भन्ने कुराले समाजको राजनीतिक, कानुनी र सांस्कृतिक संरचनामा प्रभाव पार्दछ ।

### अतिरिक्त मूल्यको सिद्धान्त

कार्लमाक्स (१८६५) De captiol मा मजदुरले उत्पादन गर्ने मूल्यको केही अंशमात्र मजदुरलाई प्राप्त हुन्छ, बाँकी मूल्य पूँजीपतिले हडप्छ ।

### वर्गहीन समाजको स्थापना

मार्क्सवादको अन्तिम उद्देश्य वर्गहीन समाजको स्थापना हो, जहाँ पूँजीवादी शोषण अन्त्य हुन्छ र समाजवादी व्यवस्था कायम हुन्छ । यी सिद्धान्तहरुले मार्क्सवादलाई क्रान्तिकारी विचारधाराको रुपमा उभ्याउँछन्, जसले सामाजिक समानता र न्यायको पक्षमा विचार विकास गर्छ ।

Antonio Gramsci (1891-1937) को Prison Notebooks उनको विचारदर्शनको मूल स्रोत हो, जुन उनले सन् १९२६ मा फाँसिष्ट सरकारले जेल हालिदिएपछि लेखेका थिए । जेलमा रहँदा झण्डै ५०० वटा लेख र टिप्पणीहरु लेखेका थिए, जसमा उनले समाज, राजनीति, शक्ति र संस्कृति सम्बन्धी गहिरो विश्लेषण प्रस्तुत गरेका छन् । ग्राम्सीले दक्षिण इटालीका गरिब किसान र उत्तरका औद्योगिक मजदुरबीच क्रान्तिकारी एकता स्थापना गर्नुपर्नेमा जोड दिएका छन् । उनका विचारमा यी किसानहरु अर्ध-बिद्रोही अवस्थामा थिए तर नेतृत्वविहिन र संगठनहीन पनि थिए । ग्राम्सीका अनुसार, राज्य सत्ता प्राप्त गर्न केवल सशस्त्र संघर्ष पर्याप्त थिएन । सांस्कृतिक र बौद्धिक स्तरमा प्रभुत्व (hegemony) स्थापना पनि अनिवार्य थियो । उनको हेगेमानेनीको सैद्धान्तिक अवधारणा अनुसार, शासक वर्ग केवल बलको माध्यमबाट नभई नागरिक समाजमा सांस्कृतिक सहमति

(Consent) को माध्यमबाट पनि शासन गर्छ । यस सन्दर्भमा उनले अर्ग्यानिक इन्टेलेक्चुअल्स (Organic intellectuals) को भूमिका उल्लेख गरेका छन्, जसले जनताको वास्तविक अनुभवबाट उत्पन्न भएर उनीहरुको राजनीतिक चेतना निर्माण गर्न मद्दत गर्दछ । फासिष्ट शासनको विरोधमा उनले सुझाव दिएका थिए कि कम्युनिष्ट पार्टीले न केवल औद्योगिक मजदुर तर दक्षिणका मध्यम वर्गीय बुद्धिजीवि र किसानलाई पनि संगठित गर्नुपर्छ । क्रान्तिको सफलताको लागि राजनीतिक नेतृत्वको साथसाथै नैतिक र बौद्धिक नेतृत्व आवश्यक रहेका उनले औंल्याएका छन् । यसरी Prison Notebooks ले अनुसन्धानलाई सत्ता, संस्कृति र वर्ग संघर्षको अन्तरसम्बन्ध बुझ्न गहिरो सैद्धान्तिक आधार प्रदान गर्दछ (शिवाकोटी, २०६५) ।

## अध्ययन विधि

यो अनुसन्धान गुणात्मक र परिमाणात्म दुबै अध्ययन विधिमा आधारित छ । जसले नेपालको दशक लामो सशस्त्र द्वन्द्वका क्रममा भोजपुरमा भएको माओवादी आक्रमणको ऐतिहासिक, सामाजिक, राजनीतिक र भौतिक असरलाई समग्र रूपमा बुझ्ने प्रयास गरेको छ । यस अध्ययनमा ऐतिहासिक वर्णनात्मक अनुसन्धान ढाचाँको प्रयोग गरिएको छ । जसले सन् २०५२ देखि २०६० सम्मको अवधिमा नेकपा (माओवादी) को रणनीति, संगठन विस्तार, आक्रमणको योजना, त्यसको कार्यान्वयन र त्यसबाट सृजित असरहरूलाई केन्द्रमा राखिएको छ । यस अध्ययनमा प्राथमिक र द्बितीय दुवै प्रकारका स्रोतहरुको प्रयोग गरेका छ । प्राथमिक स्रोत अन्तर्गत पूर्व माओवादी लडाकु, जनसेनाका नेता, पीडित परिवार, स्थानीयवासी र प्रशासनिक कर्मचारीहरूसँग अन्तरवार्ता गरिएको छ । जसबाट प्रत्यक्ष अनुभव, दृष्टिकोण र कथाहरू संकलन गरिएको छ । द्बितीय स्रोतहरूमा पुस्तक, सरकारी अभिलेख, समाचार सामग्री र अनुसन्धान प्रतिवेदनहरू समावेश छन् । जसले घटनाको ऐतिहासिकता र व्यापक सन्दर्भमा विश्लेषण गर्न सहयोग पुऱ्याएको छ । यस अध्ययनमा तथ्य संकलनका लागि घटना अध्ययन, क्षेत्र भ्रमण, अभिलेख अध्ययन, आदी जस्ता प्रविधिहरूको प्रयोग गरिएको छ । माओवादी द्वन्द्वको भोजपुर रिपिटर टावर आक्रमणसँग सम्बन्धित घटना, मानवीय क्षति, भौतिक पूर्वाधार ध्वस्तीकरण, अपहरण, र आम नागरिकमाथि परेको प्रभावको विस्तृत विवरण संकलन गरिएको छ । अध्ययन अवधिमा घटनास्थलको अवलोकन गरिनुका साथै विभिन्न व्यक्तिहरूसँग २०६० फागुन ८ देखि फागुन २८ को बीचमा भएको आक्रमणको पूर्व योजना, आक्रमणको क्रम, प्रतिघात र प्रभावबारे विवरण सङ्कलन गरिएको छ। त्यसपछि संकलित सूचना विश्लेषण गरी द्वन्द्वको बहुआयामिक प्रभावलाई तर्कसंगत, वस्तुनिष्ठ र सन्तुलित रूपमा प्रस्तुत गरिएको छ। अध्ययनले द्वन्द्वमा संलग्न पक्षहरूको रणनीति, प्रयोग भएका हतियार, माइनिङ टेक्निक, साथै राज्यपक्ष र आमनागरिकमा परेको प्रभावको तथ्यपरक प्रस्तुति दिएको छ, जसले आगामी द्वन्द्व समाधान, मेलमिलाप प्रक्रिया र नीति निर्माणका लागि महत्वपूर्ण आधार तयार पार्दछ ।

## नतिजा र विश्लेषण

नेपाली राजनीति इतिहासमा २०५२-२०६० सम्म युद्वरत प्रतिपक्षका नेकपा (माओवादी) का जनसेना र राज्य तर्फबाट युद्धमा सहभागी सुरक्षानिकायका तीनै अंग परिचालन रहेको सशस्त्र संघर्षको अवधि हो । यस अवधि भित्र २०६० फाल्गुन १९ प्रमुख रहे पनि योसँग संवद्ध ८ फागुन

देखि २८ फागुन सम्मको अवधीको भोजपुर जिल्ला सदरमुकाम स्थित नेपाल टेलिकम रिपिटर टावरमा (९:४५ बजे देखि १:३० सम्म) चलेको सशस्त्र द्वन्द्वमा जनसेना पक्ष र राज्यपक्ष बीच दोहोरो भिडन्त भइ युद्धरत पक्षका साथै आमनागरिकले पनि क्षती बेहोरेका छन । यस लेखमा जनसेना र राज्यबिच भएको सशस्त्र संघर्षमा यी दुई पक्षका अतिरिक्त आमनागरिकमा परेको प्रभावको अध्ययन तलका उपशिर्षकमा गरिएको छ ।

### जनसेना पक्षबाट सशस्त्र संघर्षमा प्रयोग भएका सामरिक हतियार

नेकपा (माओवादी) ले आफ्नो राजनीतिक, दार्शनिक सिद्धान्त; मार्क्सवाद, लेनिनवाद, माओवादलाई आत्मासाथ गरि नेपाली भूगोलमा भइरहेको उत्पीडन, विभेद माथी विद्रोह गर्दै वर्गीय, क्षेत्रीय, जातीय, लैंगिक, भौगोलिक, स्वतन्त्रता, समतामूलक, समावेशीताको माग राख्दै सशस्त्र संघर्षको विद्रोहको मोर्चामा उद्देश्य प्राप्तिको निमित्त जनसेनाहरु लामवद्ध भएर पश्चिमबाट भोजपुर लक्ष्य लिएर अगाडी बढेको जनसेना ओखलढुंगा र खोटाङको सिमानामा पर्ने ऐसेलुखर्क आई बसेको थिए । खोटाङको ऐसेलुखर्कको भूगोल एक विशेष सामरिक महत्त्वपूर्ण ठाउँ हो । ८ र ९ फागुन २०६०, भोजपुर सदरमुकाम स्थित नेपाल टेलिकमको रिपिटरटावर आक्रमणको तयारीमा पश्चिम र पूर्वका जनसेनाको संयुक्त टोली भोजपुर आउने क्रममा, ऐसेलुखर्क गस्तीमा निस्केका शाही सेनाको एउटा टुकडी उक्त योजना असफल बनाउन त्यहाँ आइपुग्यो । सम्पूर्ण शक्ति र हतियार प्रविधि केन्द्रित नभईसकेको स्थिति रहे पनि त्यही रहेको शक्ति केन्द्रीकरण गरि अकस्मात आक्रमणको योजना बनाइ आक्रमण भयो । शाही सेना पुरानो चौकीको आडमा गएर मोर्चा कसेर लड्न सुरुगर्यो । जनसेनाले वरिपरि घेरा हालेर आक्रमण गरे । आक्रमणको नेतृत्व अनन्त बर्षमान पुन आफैले गरेका थिए । समय रात परेका कारण जनसेनालाई युद्व प्रतिकुल बन्न पुगि आक्रमण असफल भयो र जनसेनाले क्षति व्यर्होनु पर्यो, जहाँ वटालियन कमान्डर चक्र गौतम (काभ्रे मादनकुडारी), कम्पनी कमान्डर प्रेमप्रसाद नेपाल (सिन्धुपाल्चोक कुभिन्डे ४), गोठे घर्तीमगर (रोल्पा सेरम ६), मंसिरे रानामगर (रोल्पा सेरम ३), धनीराम बाठामगर (रोल्पा कोटगाउ ३), मंगलसिंह तामाङ (इलाम महमाइ), राजेन्द्र राई (पाँचथर लुरुङपा २), हरिहर दाहाल (ताप्लेजुङ), भोजपुर तिवारीभञ्ज्याङका मानबहादुर खड्कासहित ९ जनाले साहदत प्राप्त गरे भने, खोटाङका दुर्व बुढाथोकी "धिरन", जुनाराई, भोजपुर हेलौछाका शरण मोक्तान "रबिन" जितेन राई, हेलौछा मीना शेर्पा, साङपाङ घाइते बन्न पुगे (राई, २०८२) ।

भोजपुर आक्रमण गर्न आएका जनसेनाको त्यही आक्रमणमा आफ्ना सुरक्षाका लागि बाहेक सम्पुर्ण सामरिक गोलीगट्ठा सिद्धियो (मोक्तान, २०८२) । दोस्रो दिन अकस्मात कं. अनन्तको निर्देशनमा १५जनाको टोली कं. दिपेशको कमिसारमा, कपिल र मिलनको कमान्डमा ऐसेलुखर्क भन्दा माथी हरिसेको जंगलमा छापामार आक्रमणको तयारीमा बस्यो । त्यहीँ समय हिजोको भिडन्तमा घाईते भएका सेनाहरुलाई हेलिकप्टर लिना आया । उक्त हेलिकप्टरमा माओवादी अप्रेसन गर्न आएका गोरखनाथ गणका सैनिकहरु हेलिकप्टरबाट उत्रन साथ सामरिक हातहतियारसहित माओवादीको सोधीखोजी र पिछा गर्दै सैनिकको टोली ऐसेलुखर्कबाट उकालो चढ्न सुरुगरे । जनसेनाको छापामार आक्रमणका योजना मुताविक कपिल, मिलन र दिपेश Brost fire ambush को पूर्व तयारीमा बसेका थिए । जो सेनालाई त्यहीँ रोकी हिजोका घाइतेहरुलाई सुरक्षीत ठाउँमा पुराएर

उपचार गर्नु थियो । अगाडी कपिल A.K.47 लिएर, बीचमा मिलन Insas लिएर र दिपेश SLR लिएर पछाडी बसेका थिए । त्यहीँ समय शाही सेनाका अगाडी हिड्ने टोली Pilot group गोलीको माला जीउभरी भरेका टाउकामा ठाडो पारेर गोलीकै टोपी लगाएका आधुनिक हतियार लिएका चार जना सामुन्ने आइपुगे अरु पचास मिटर जति पर थुप्रै थिए । त्यहीँ (Pilot group) लाई कपिलले AK 47 ले प्रहार गरि अगाडिलाई साहद्त दिलाए, बाँकी अरुलाई मिलन र दिपेशले fire गरि पछाडी खेदाए, भाग्दै गर्दा सेनाले आफ्ना झोला फाल्दै भागे । जहाँ १ Galil गोरखबक्स 'घ' गुल्मको थियो । उक्त झोलाबाट १८०० गोली कब्जामा आयो । पुनः त्यो टोली भोजपुरलाई लक्ष्य बनाएर अगाडी बढ्यो (राई, २०८२) ।

### भोजपुर रिपिटरटावर भिडन्त १९ फागुन २०६०

नेकपा (माओवादी) जनसेनाद्वारा भोजपुरमा गरिएको आक्रमण पुर्वी नेपालकै ठुलो शक्ति सामर्थ्य र रणनीतिक सन्तुलनको आक्रमण रहेको थियो । नेकपा माओवादीको दसौं योजना अन्तर्गत प्रत्याक्रमणको तयारीको नयाँ उचाइमा पुग्न सम्पुर्ण शक्ति केन्द्रित गरे सगै नेपाल भरी सना ठुला गरि १९१ वटा आक्रमण, भिडन्तहरु भिडीसकेका थिए (चलाउने, २०६६) । भोजपुर सदरमुकाम डाँडागाउँ रहेको नेपाल टेलिकमको रिपिटरटावरको सुरक्षार्थ शाही नेपाली सेना र प्रहरीको संयुक्त टोली द्वन्द्व सुरुभएको केही वर्ष पछि अस्थायी रुपमा सुरक्षार्थका लागि खटिएका थिए । ऐसेलुखर्क सेना र जनसेनाको भिडन्त ८ र ९ फागुन २०६० लगत्तै पूर्वी डिभिजनको केन्द्रीकृत शक्तिले यो आक्रमणको योजना बनाएको थियो । जनसेना डिपुटी कमान्डर बर्षमान पुन कं. अनन्तको पूर्ण कमान्डमा र धनबहादुर मास्केको सैनिक कमान्डमा रिपिटरटावर लक्षित योजना अनुरुप तीन डिभिजनको तीनवटा ब्रीगेड १००० भन्दा माथीको संख्यामा संयुक्त मोर्चा उक्त योजनामा सामेल थिए (मोक्तान, २०८२) । उक्त योजनामा २०० जना जनसेनाको मोर्चा टेम्के हुँदै ओखेपुछर जंगलआई त्यो स्थानबाट २०६०/११/१९ गते, बेलुकी ६: ०० बजे सिक्तेलखोला हुँदै रिपिटरटावर लक्षित बनाएको, अर्को मोर्चा श्यामशीला मुलाबारी र आम्तेकबाटआएको मोर्चा सगै भोजपुर पोखरे, अर्को मोर्चा बोया सुन्तले हुँदै जिल्ला प्रशासन, जिल्ला प्रहरी कार्यलय, शाही सेनाको गुल्म जहाबाट नेपाल प्रहरी र शाही सेनालाई बाहिर निस्कन नदिने बल्क गर्ने योजना अनुरुप, अर्को टोली च्याङग्रे, बास्तिम अखुवा खोला टक्सार हुँदै, भोजपुर रिपिटरटावर लक्षित योजना अनुरुप संयुक्त रूपमा १००० भन्दा माथी जनसेना र पार्टीका सदस्य मोर्चामा समावेस थिए ( बिक, २०८२) । जनसेनाको योजनामा आक्रमा फायर सपोर्टेडक्विक अट्याकको विधि प्रयोग ग्रीनेडरमाइनको समेत प्रयोग गर्ने योजना तयारी बनेको थियो । भोजपुर आक्रमणका लागि पश्चिमबाट ल्याइएका २ थान LMG, २२ थान Ak 47 यो Leading weapons को रुपमा १०० जनासेना भएको मोर्चामा ३ र ४ वटा हुने गरी थियो (मोक्तान, २०८२) । ३ थान पूर्वमा कब्जामा आएका Insas, SLR, २ थान, SMG ३ थान, धैरै संख्यामा ३-०-३ राइफल, टुटु, सट्गन, जनसेनाद्वारा निर्मित Pistol, सकेटबम, कुकर बम, Grenet loncher, TFG र आगजनी गर्न प्रयोग गर्ने, Very light, धारिला खुकुरी र जनसेनाको आफ्नै सञ्चार प्रविधि तयारी अवस्थामा पूर्व योजना मुताविक Whole command कं. अनन्त बर्षमान पुनको निर्देशनमा सहायक कमान्डहरु फाएर सर्पोटेड क्विक अट्याक बिधिको साथमा ग्रीनेडरमाइनको प्रयोग गर्दै Blocking विधि अन्तर्गत १ थान LMG को प्रयोग गुल्म Gate मा शाही सेना निस्कन

नदिन रोक्ने योजनामा र अर्को १ थान LMG टेलिफोन टावर कब्जा गर्न प्रयोगमा ल्याइएको थियो (राई, २०८२) ।

योजना मुताविक कं. कपिलको कमान्डमा, प्लाटुन कमान्डर (Platona commander) कं. आलोक बिके., कं. सीमा राई, कं.प्रशान्तसगै ९० जना जनसेनाको दस्ता तोकिएको समयमा आआफ्नो आर्कमा टावर रहेका संयुक्त सुरक्षा फौजलाई घेरा हालिसकेका थिए । फायरिङ ठिक १० बजे खोल्ने भनिएको थियो । यो समय जनसेनाले तारबार तोड्ने ठाउँ पत्ता लगाई माइन विछ्याँदै थिए । त्यहीँ समय केही जनसेनाहरु बाटोमा आउने क्रममा सगरमाथामा बोर्डिङ स्कुल ५० मिटर तल गैरी घुम्तीमा शाही सेनाको गस्तीमा निस्केको टोलीसँग झम्का भेट भयो । त्यहीँ समय कं. निर्मलले सेना माथी फायर खोलीहाले । त्यो समय बेलुकिको ठिक ९:४५ बजेको थियो । योजना मुताबिक १५ मिनेट अगाडि फायर खोलियो । त्यही समय टावरमा सुरक्षार्थको लागि बिछ्याइएको तारबार तोड्ने ग्रुपले माइन विष्पोट गरी तारबार तोडिदिए । यसपछी कमान्डर कपिलसगै छ जना फायर गर्दै सुरक्षा क्याम्पको Ternel भित्र प्रवेश गरे । सुरक्षा फौजले प्रहार गरेको ग्रीनेट विष्फोटबाट कपिल युद्व स्थलको ट्रनेलमानै साहदत प्राप्त गरे । कम्पनी कमान्डर अशोक र अर्कासगै ट्रनेल छिरेका साथी घाइते भए पछि, त्यस ट्रनेलमा २ जनामात्र रहेकाले सहायक कमान्डर प्रसान्तले त्यो आक्रमणका लागि प्रयोग गर्ने कोर्ट भाषामा Second Acelt जनसेना लडाकु दस्तालाई बोलाएका थिए । उक्त बोलाइएको कमान्डले ट्रनेल हुँदै बंकरमा आक्रमण सुरु गरेपछि २:३० मिनेट सम्ममा टावरको मैदान कब्जा गरे पछि पनि टावरको भवन माथी रहेका सुरक्षाकर्मीले LMG बाट लगातार फायरिङ गरिरहेका थिए । फायरिङ भैरहेको LMG लाई कब्जामा लिए र सुरक्षा सेनालाई नियन्त्रणमा लिए । त्यहाँ जीवित सुरक्षाकर्मी गोपीलाल श्रेष्ठ शाही सेना उनी मात्रा एक भाग्यमानी थिए (राई, २०८२) ।

जनसेनाको आक्रमणको योजना मुताविक चार भञ्ज्याङमा शाही सेना सुरक्षा गुल्मको मुल प्रवेशद्वारमा नै  एक LMG र केही हतियारले बल्क गरे पछि शाही सेना बाहिर निस्कन पाएनन् भने बीच बजारमा रहेको टुडिखेल कब्जा गर्दै जिल्ला प्रहरी कार्यलय सुरक्षाको पहिलो प्रवेशद्वारमा कं. निशान, कं. दिपेश र कं.अरुणको संयुक्त टोली पुगिसकेका थिए । अघि बढने क्रममा कं.निसान जि.प्र.का. कारागार छेउमै प्रहरीले प्रहार गरेको गोलिबाट घाइते बने । त्यो समय टेलिफोन टावर जनसेनाद्वारा कब्जामा लिइसको थियो । कं.दिपेश र अरुणले कमान्डर कं. अनन्तसँग समयको माग राखे जिल्ला प्रहरी कार्यलय कब्जा गर्छौ भने, तर समय प्राप्त हुने आदेश मिलेन कं.अनन्त हाम्रो लक्ष्य टावर कब्जा गर्ने थियो त्यो पूरा भई सक्यो, अरु जोड गर्नु हुन्न जनसेनाको अरु क्षती हुनसक्छ भन्ने आदेश पछि जनसेनाको दस्ता त्यहाँबाट फिर्ता भयो (राई, २०८२) ।


### सुरक्षाकर्मीको जवाफी हमलाबाट साहदत प्राप्त जनसेना र घाइते

नेपाल टेलिकम टावर भोजपुरको सुरक्षार्थ खटिएका सुरक्षाकर्मी पूर्वी डिभिजनको केन्द्रीकृत संयुक्त जनसेना दस्ताको मोर्चाद्वारा गरेको आक्रमणको राज्यपक्षका सुरक्षाकर्मीको जवाफी कारबाहीमा, आक्रमण मोर्चाका कम्पनी कमान्डर कपिल श्याम सुन्दर कार्की, ओखलढुंगा दियाले १,

सीमा राई प्लाटुन कमान्डर, ओखलढुंगा कुभिर २, छबिलाल बिक प्लाटुन कमान्डर, मकवानपुर राइगाँउ, शेरबहादुर बोगटी, बाजुरा-कालीकोट ४, जगजंग थापा, दैलेख तौलीजैसी ४, दिल ब.खत्री, दैलेख द्वरी चौलायाट ५, नरबहादुर वली, सल्यान शीवस्थान ९, दिनेश बिक, रुकुम महत गुनाम ५, रनबीर परियार, रुकुम पुर्तिमकाँडा ३, दुर्गाबहादुर थापा, रोल्पा गजुल १, मुलमान बुढा, रोल्पा थवाङ ५, चन्द्रबहादुर माझी, मकवानपुर फापरबारी, बज्रसिंह तामाङ, सिन्धुपाल्चोक चौतारा ९, निर्मल सोडारी, दोलाखा बाबरे ५, रममाया बज्यु, काभ्रे फलाटे ५, छत्रबहादुर तामाङ, सिन्धुली अमलेपटवस ८, दुर्गबहादुर बिक, सिन्धुली क्यामेश्वर ४, तिर्थबहादुर थिङ, सिन्धुली कल्पबृक्ष १, राजकुमार बिक, ओखलढुंगा भुसिङ ५, राजु राई, ओखलढुंगा रागदीप १, अरुण राई, सोलुखुम्बु लोखीम ८, लालबहादुर तामाङ, भोजपुर श्यामसिला ६, सुनाम राई, भोजपुर बोया, निमा शेर्पा, भोजपुर हेलौछा ४, सन्तबीर तामाङ, भोजपुर हेलौछा ६, ताओङ्दी शेर्पा, ताप्लेजुङ फाकुम्बा ५, पासाङ नुर्बु शेर्पा ( गोली लागि आँखा गुमाउनु पुगेका राम्रोसँग उपचार हुन नस्क्दा परलोक), ताप्लेजुङ खावा ५, पदम खड्का, ताप्लेजुङ खोक्लीङ ५, सगै जनसेनाका जम्मा २७ जना टावर मोर्चामा सहादत प्राप्त गेरेका थिए (पूर्वका लालतारा, २०६८) । त्यही मोर्चाका घैइतेहरु कं.निसान किरण कुमार राई ,भोजपुर बोया ८, सन्जय राई, भोजपुर  नेपालेडाँडा १, सुष्मा राई, सोलु मुक्ली ३, सगै १६ जना घाइते बनेका थिए (मोक्तान, बिक, २०८२) ।

**जनसेनाको आक्रमणबाट राज्यमा भएको क्षती**

**चित्र नं.१**





जनसेना पूर्वी डिभिजनको केन्द्रीकृत मोर्चाको आक्रमणबाट जनमुक्ति सेनाले नेपालको पूर्वी क्षेत्र मध्यकै ठूलो मात्रामा सामारिक खरखजना, हातहतियार र गोलीगट्ठा कब्जामा लिन सफल भएका थिए । भोजपुर टावर आक्रमणबाट जनसेनाले प्राप्त गरेका हातहतियार LMG २ थान, L.S.W, १ थान गरि ३ थान, Insas-११ थान, S.L.R,७ थान, S.M.G. ४ थान, ३-०-३ Rifile २४ थान, सटगन ४ थान, म्यागनम १ थान, चाइनिज पेस्तोल २ थान, प्लास्टिक ग्रीनेट ३ बाकस, २“

Moter २ थान, रकेट सेल १ थान, गोली २४/२५ हजार जनसेनाले कब्जामा लिएका थिए (राई, २०८२) ।

**भिडन्तमा साहदत प्राप्त सुरक्षाकर्मी**

**चित्र नं.२**





भोजपुर सदरमुकाम डाँडागाउँमा रहेको टेलिफोन टावर सुरक्षार्थ खटिएका सुरक्षाकर्मी माथी जनसेनाको दस्ताद्वारा गरेको भीषण आक्रमण १९ फागुन २०६० मा परी बिष्णुदल गुल्मका जम्दार मुक्तबहादुर दमै जिल्ला लम्जुङ, हवल्दार मुनेश्वर थनेत- लम्जुङ्, हवल्दार बलबहादुर मगर- लम्जुङ्ग, हवल्दार गोबिन्द सुवेदी, हवल्दार चित्रबहादुर सिटौला, हवल्दार बसन्तराज लम्साल, हवल्दार वसन्त राजधामी, देबराज अधिकारी, खेमराज पाण्डे, हरिबहादुर क्षेत्री, धनबहादुर चन्द, नवराज खड्का सगै १२ जनाले सहादत प्राप्त गरेका थिए (श्रेष्ठ, २०८२) । यही मोर्चमा नेपाल प्रहरीका १ प्र.स.नि.सगै १९ जना र एक सशस्त्र प्रहरी गरि २० जना सहादत प्राप्त हुनेहरुमा प्र.स.नि.आनन्द तामाङ-सुनसरी धरान-१, प्र.स.नि. देबीलाला मुसहर-सुनसरी बयरबन-६, कृष्ण सिटौला-झापा दमक-१७, शुक्र केसी-भोजपुर गा.बि.स.-३, भरत चौधरी सप्तरी बरमझीया-८, दानबहादुर राई-खोटाङ चिसापानी-७, भिमबहदुर श्रेष्ठ- खोटाङ लामीडाँडा-३, कुमार तामाङ-ओखलढुंगा पोखरे-३, युबराज कार्की-ताप्लेजुङ, मानबहादुर खत्री-संखुवासभा खँदबारी, कुमार चौलागाई-सुनसरी इटहरी, भवनी कार्की-झापा घैलाडुब्बा-१, बिनोदप्रसाद यादव-सुनसरी श्रीपुर-१, बिमल उवराउ-सिराहा, जयप्रसाद आचार्य - दिक्तेल खोटाङ्ग-३, ईश्वर फुयाल दिक्तेल खोटाङ-९, आकाश बहादुर राई-ताप्लेजुङ डुम्रीसे,

हिमाल सार्की-ओखलढुंगा सेनी-१, भेवान्द राजवंशी वालुवाडी-४, सशस्त्र प्रहरी दिलिप कार्की गरी जम्मा ३२ जना सुरक्षाकर्मीहरु सहादत भएका थिए (कार्की, २०८२) ।

**भोजपुर आक्रमणमा जनसेनाद्वारा घाइते बनाइएका सुरक्षाकर्मी र कर्मचारी**

**चित्र नं.३**




भोजपुर टेलिफोन लगायत भोजपुरका विभिन्न सरकारी कार्यलयको सुरक्षार्थ खटिएका अवस्थामा, नेकपा (माओवादी) निकट जनसेनाको पूर्वी डिभिजनको केन्द्रीकृत मोर्चासंग उनीहरूको जम्काभेटसगै दोहोरो फायरिङ, सकेट बमको विस्फोटन, विद्युतीय धराप, कुटपिटबाट सुरक्षाकर्मीहरुका शरीरका विभिन्न अंगहरुमा गंभीर चोट लागि घाइते बनाइएका थिए । जि.प्र.का.बाट खटिएका कृषि सामाग्री संस्थाको गोदाम डाँडा, जिल्ला खनेपानी कार्यलय, लिल्ला प्रशासन कार्यलय लगायत विभिन्न स्थानका सुरक्षार्थ खटिएको अवस्थामा गम्भीर घाइते प्र.स.नि.भुलानाथ यादव-सुनसरी, प्र.ना.नि. बिश्वनाथ गुप्ता, बद्री खड्का-भोजपुर भैंसीपंखा, राजन बि.क.-धनकुटा लेगुवा, सुरेस चौधरी सप्तरी, लोकबहादुर श्रेष्ठ भोजपुर टकसार, जिल्ला खानेपानी कार्यलयको सुरक्षार्थ खटिएका जि.प्र.का.सुरक्षाकर्मीहरु हर्क थापामगर-झापा पृथ्वीनगर, रामस्वरुप ठाकुर-सिरहा, राम तामङ-ओखलढुंगा, इन्द्र फुयल भोजपुर बोखिम, गंगा तामाङ-मोरङ, बुद्धि जबेगु-पाँचथर, महेन्द्र खवास-मोरङ, गोबिन्द गीरी-भोजपुर नेपालेडाडाँडा, कृपानन्द यादव-सप्तरी दिबधा -८, लालबहादुर श्रेष्ठ -झापा दमक-४, जितप्रसाद आचार्य-खोटाङ दिक्तेल, अच्युत दाहाल-धनकुटा, रामबहादुर प्रधान-भोजपुर ३, उपेन्द्र बस्नेत-भोजपुर ३, कर्मचारीहरु राजन लामिछाने र कुलबहादुर मगर गरी २२ जना घाइते बनेका थिए (कार्की, २०८२) ।


**भौतिक पूर्वाधारको क्षती**

नेकपा (माओवादी) पूर्वी डिभिजनको केन्द्रीकृत आक्रमणको प्रमुख लक्ष्य नेपाल टेलिकमको टावर रहे पनि उक्त टावर भोजपुर सदरमुकाममा रहेकोले आक्रमणको योजनाको तयारी सदरमुकाम केन्द्रित रहेको पाइन्छ । उक्त आक्रमणबाट भोजपुरको ठुलै भौतिक क्षती र पूर्वाधारहरु गुमाउनु परेको थियो ।  जस मध्ये आक्रमणबाट जिल्ला प्रशासन कार्यलय आगजनी गरि पूर्णरूपमा ध्वस्त भएको थियो । जि.प्र.का.को जिल्ला कारागारसँगै रहेको जिल्ला मालपोत कार्यलय पूर्णरुमा क्षती

भएको थियो । राष्ट्रिय अनुसन्धान कार्यलय, राष्ट्रिय बाणिज्य बैंकमा कुकर बम प्रयोग गरि पूर्णरुमा ध्वस्त बनाएका थिए (श्रेष्ठ, २०८२) । तात्कालिन समय बैंकमा रहेको अमुल्य धातु, मौज्दात रकम र जनताहरुले कर्जा राखेका सुन/चाँदी, खजना सबै शाही सेनाको सुरक्षा गुल्ममा राख्ने गरेकोले बिहान १० बजे बैंकमा ल्याउने र बेलुकी ५:०० बजे माथी गुल्ममानै सुरक्षित राख्ने व्यवस्थाले बैंकमा भएको स्टिलका गोद्रेज/दराजहरुमा कुकर बम प्रहार गरेर मुस्किलले फुटाए पनि रित्तो भएकाले त्यहाँबाट पैसा बरामत हुन सकेन (मोक्तान, २०८२) । नेपाल टेलिकम भवनमा शक्तिशाली कुकर बम विष्फोटनबाट भवनमा संचालित प्रविधिहरु Micro Wave Radio, C– Sysatem, १५० line telephone, Radio Antena, Marts ,केवल, सोलार प्यानल, ब्याट्री, Radio Antena जडित OKI Marts ५ इलाकाहरुका (अन्नपूर्ण, तिवारी भञ्ज्याङ, दिङ्ला, बैकुण्ठे, घोरेटार) २७ वटा American प्रविधिका सम्पुर्ण संचार ध्वस्त भएका थिए (पराजुली, २०८२) ।

**आमनागरिकमा द्वन्द्वले पारेको प्रभाव**

**चित्र नं.४**




नेकपा (माओवादी) जनसेना र राज्यपक्षबीच भएको दोहोरो भिडन्तबाट आमनागरिकतर्फ कुनै व्यक्ति युद्धका कारण हताहत नभए पनि, राज्यपक्षका सुरक्षाकर्मी, नेपाल टेलिकमका प्राविधिक, कर्मचारी, राष्ट्रिय बाणिज्य बैंकका सुरक्षागार्डहरु अपहरणमा परेका थिए । अपहरणमा नेपाल प्रहरीका प्र.स.नि.नकुल भट्टराई, प्र.स.नि.कृष्ण साफकोटा, हवल्दार राजेन्द्र केसी, जवान रमेश बिश्वकर्मा, प्रबिण ठाकुर, बासुदेब नेपालसगै ६ जना रहेका थिए । अपहरित प्रहरीहरुलाई ४५ दिन पछि सिन्धुली जिल्लाबाट मानवअधिकारको रोहवरमा मुक्त गरेका थिए । शाही नेपाली सेनाका जवान गोपीलाल श्रेष्ठलाई एक महिना पछि तेह्रथुम जिल्लाबाट मुक्त गरेका थिए । टेलिकम टावरको डिउटीमा खटिएका अवस्थामा अपहरण परेका प्राविधिक राजनारायण सिंह र कार्यालय सहयोगीलाई खोटाङ जिल्लाबाट मुक्त गरेका थिए । अपहरणमा परेका राष्ट्रिय बाणिज्य बैंकका सुरक्षागार्ड खड्गबहादुर राई र उनका छोरा मोहन राइलाई २ दिन पछि मुक्त गरेका थिए (सशस्त्र द्वन्द्वमा भोजपुर, २०७०, पृष्ठ २८) ।

**तात्कालिक युवराज पारस शाहद्वारा जनसेनाले टेलिफोन टावरमा पुराएको क्षतिको निरीक्षण**

नेकपा (माओवादी) जनसेनाको केन्द्रीकृत पूर्वी डिभिजनको मोर्चाले गरेको आक्रमण पछि २०६० फागुन २८ गते तत्कालीन युवराज पारस शाह उक्त आक्रमणको प्रत्यक्ष अवलोकन गर्न पुगेका थिए । पूर्व युवराजको सवारी उच्च र कडाइसाथ रहेको थियो । शाही सेनाको गुल्म पूर्वी प्रवेशद्वार चारभञ्ज्याङबाट पैदल मार्ग प्रयोग गरि टेलीफोन टावर पुग्दासम्म आमनागरिकहरुलाई घरको माथिल्लो तलाको झ्यालबाट नजर राख्न मनाही गरिएको थियो । बाटोको दुबैतिर हात तल झारेर उभिन आदेश भएको थियो । कसैले पछाडी र गोजीमा हात हालेका रहेछन् भने किन गोजीमा हातहालेको तल झार्ने भन्ने आदेश सुरक्षाकर्मीबाट हुन्थ्यो । नेकपा (माओवादी) को दसौं योजनाको दोस्रो चरणमा अगाडी बढिरहेको अवधीमा भएको जिल्ला सदरमुकाम माथिको आक्रणले सरकारी फौज र सरकार मात्र होइन, राजा र राजपरिवारभित्र पनि उक्त आक्रमणले माओवादी युद्ध सामर्थ्यको महसुस भएको युवराज पारस शाहाको उक्त प्रत्यक्ष घटना पछिको दृश्यलाई हेरेका कारण आम नागरिकले थाहा पाउन सकिन्थ्यो (तिवारी, २०८२) । अझै राज्य र नेकपा माओवादीविचको द्वन्द्व र आक्रमण कसिलो र पेचिलो हुने उचाइमा पुगेको थियो ।

**निष्कर्ष**

नेकपा (माओवादी) पार्टीले आफ्नो सिद्धान्त मार्क्सवाद, लेनिनवाद, माओवादलाई आत्मसाथ गर्दै देशमा तात्कालिक भइरहेको शासन व्यवस्था, वर्गीय विभेद, जातिय विभेद, लैङ्गकि विभेद, छुवाछूतको विभेद, धार्मिक विभेद, भौगोलिक, विभेदको परिवर्तनको माग राखे पश्चात, यो माग तात्कालिक सरकारले सम्बोधन गर्न नसके पछि नेकपा (माओवादी) २०५२ फागुन १ देखि सरकार मातहतका गृह रक्षा र अर्थ मातहतमा रहेका देशका विभिन्न ५ स्थानहरुमा सशस्त्र आक्रमण र द्वन्द्व सुरु गरेको (२०५२- २०६०) थियो । यसको प्रभाव देशको पूर्वी भागमा रहेको जिल्लाहरुमध्येका प्रभावित जिल्ला भोजपुर बन्न पुगेको थियो । नेकपा (माओवादी) पार्टीको भोजपुरप्रतिको गहिरो अध्ययन र बुझाइ र विभेदको अन्त्य र प्रजातन्त्रको स्थापना गर्न २००७ सालको जनक्रान्ति मुक्तिसेनाद्वारा भोजपुरले गरेको बलिदान भोजपुरलाई प्राथमिकता राख्दै नेकपा (माओवादी) पार्टी बिस्तारसगै युद्ध रणनीतिहरु अगाडि बढेको थियो । जनसेनाले घरेलु सामरिक हतियार जिल्ला भित्रै निर्माण गर्ने कार्यले युद्धकलामा सक्षम रहेको पाइन्छ । युद्धमा बिद्रोहीद्वारा प्रयोग हुने राइफल भनी चिनिने AK 47 जनसेनाले भोजपुर आक्रमणमा पहिलो पटक प्रयोगमा ल्याएका थिए । यस्ता आवश्यक राइफल AK 47 बाहिरी देशबाट ल्याउन सफल रहेको देखिन्छ । भोजपुर जिल्लामा ठूला-साना गरि ७ वटा दोहोरो भिडन्त भएको थियो । त्यो मध्ये भोजपुर रिपिटरटावर एक रहेको छ । रिपिटरटावरको आक्रमणबाट राज्यपक्षको सञ्चार क्षेत्रमा वाधा अवरोध सिर्जना भएको थियो भने यसको मारमा जनताहरु परेका थिए । टावरको सामरिक द्वन्द्वमा जनसेना र राज्यपक्षका दुबै तर्फ क्षती बेहोर्नु परेको अवस्था रह्यो । जसमा जनसेना तर्फबाट सहादत प्राप्त २७ जना बनेका थिए भने भने १६ जना घाइते भएका थिए । जनसेनाको मोर्चावन्दी आक्रमणमा ऐसेलुखर्कमा भिडेका कमाण्डर भोजपुर रिपिटरटावरमा बलिदानी हुन पुगेका थिए र कुनै न कुनै मोर्चाको भिडन्तमा बलिदानी हुन्छ भन्ने अध्ययनमा पाईएको छ । यो दोहोरो भिडन्तमा राज्यतर्फका सहादत प्राप्त हुनेहरुमा नेपाल प्रहरीका १९ जना, शाही सेना १२ जना, सशस्त्र बल प्रहरीका १ जना गरि ३२

जनाले सहादत प्राप्त गरेका थिए भने घाइतेहरुमा २२ जना नेपाल प्रहरी रहेका थिए । उक्त आक्रमणबाट सुरक्षाकर्मी र सर्वसाधारण १ नागरिकसगै ११ जना अपहरणमा परेका थिए ।

टेलिकम टावरमा शक्तिशाली प्रेसरकुकर बमको विष्फोटनबाट राज्यपक्षले सञ्चारमा पूर्णरुपमा क्षती बेहोर्नु परेको अवस्था रह्यो । भोजपुर सदरमुकाम लगाएतका टावरसंग आवद्ध अन्नपूर्ण, भुल्के, घोरेटार, च्याङग्रे र दिङ्ला सञ्चार बिच्छेद बन्न पुगेको थियो । जसको प्रभाव जनसाधारणमा सञ्चार विच्छेद हुन बाध्यता बने भने सूचना साधन एकोहोरो मात्रका रेडियो र टेलिभिजन र पुरानै सञ्चार प्रणाली हुलाकको चिठी प्रयोग गर्न बाध्य हुदा, महिनौं बितेपछी सूचना प्राप्त हुने गर्दथ्यो । सर्वसाधारण जनताहरुका अत्यन्तै जरुरी सूचना वा समाचार छन भने भोजपुरमा रहेको पुरानो प्रविधिको आवाको प्रयोग एकोहोरो पठाइन्थ्यो । सञ्चार क्षेत्रमा नेकापा (माओवादी) ले सरकारलाई वाधा अवरोध पुराउने योजनामा सफल बनेको थियो भने भौतिक पूर्वाधारहरुमा जिल्ला प्रशासन कार्यलय आगजनीबाट पूर्णरुपमा ध्वस्त भएको थियो । जिल्ला प्रशासन कार्यालय गेस्ट हाउसमा स्थापनगरि भोलिपल्टबाटै संचालन भएको थियो । पूर्ण रुपमा ध्वस्त हुने कार्यलयहरुमा बाणिज्य बैंक र जिल्ला मालपोत कार्यलय रहेको थियो ।

## सन्दर्भ सामाग्री


श्रेष्ठ, मखन (२०८२), *भोजपुर आक्रमणको घटना विवरण,* जिल्ला प्रशासन कार्यलय, भोजपुर ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), (२०७०),*सशस्त्र द्वन्द्वमा भोजपुर,* भोजपुर ।

कार्की, कर्णबहादुर (२०८२), *भोजपुर आक्रमणको घटना विवरण,* जिल्ला प्रहरी कार्यलय, भोजपुर ।

कार्ल मार्स्क, र ऐन्गेल्स, (१८४८),*कम्युनिस्ट पार्टीको घोषणापत्र, रुसीभाषाबाट अनूदित,* प्रगति प्रकाशन ।

चलाउने, उदयबहादुर 'दिपक',(२०६६),*जनयुद्धरजनमुक्ति सेना (सैद्धान्तिक आधार र कार्यनीति), जनमुक्ति सेना*, नेपाल छैटौं डिभिजन, इन्द्रेणी अफ्सेट ।

जनमुक्ति सेना नेपाल प्रथम डिभिजन, (२०६८), *पूर्वका लालतारा चुलाचुली इलाम,* कोशी प्रीन्टिङ्ग प्रेस ।

थुलुङ, नारदमुनी, (२०४५), *सन्दर्भ बि.स.२००७ सालको जनक्रान्ती, (बिर्सिएका अनुहारहरु बिर्सन नसकेका क्षणहरु),* प्रतिनिधि प्रकाशन ।

पराजुली, अम्बिका (२०८२), *नेपालटेलिकम भोजपुरको टावर आक्रमण को क्षतिको विवरण,* नेपाल टेलिकम भोजपुर ।

प्रचण्ड, (२०५७, *नेपाली क्रान्तिका समस्याहरु (भाग-२),* प्रगतिशील अध्ययन केन्द्र ।

शिवाकोटी, गोपाल (२०६५) विश्वका प्रमुख राजनीतिक बिचारधारा, पैरवी प्रकाशन 'M' हाउस , पृष्ठ ३४३-३५२) ।

राई, शक्तिराज (२०६७), *नेकपा माओवादी जनयुद्ध २०५२-२०६३ को भोजपुरमा राजनीतिक प्रभावको एक अध्ययन,*स्नातकोत्तर तह शोधपत्र (अप्रकाशित शोधपत्र), त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय राजनीतिशास्त्र केन्द्रिय विभाग कीर्तिपुर,काठमाडौ।


## अन्तरबार्ता


कृष्णकुमार राई 'निकाश' (बैशाख ९, २०८२) अन्तरबार्ता, नेकपा माओवादी पूर्व जिल्ला सेक्रेटरी, भोजपुर ।

देवन राई, 'दिपेश' (बैशाख ११, २०८२), ब्यात्तिगत अन्तरबार्ता, नेकपा माओवादी पूर्व जिल्ला सेक्रेटरी, भोजपुर ।

सरणकुमार तामाङ 'रबिन' (बैशाख, १३, २०८२), ब्यात्तिगत अन्तरबार्ता, घाइते तथा पूर्व जनसेना, भो.न.पा. हेलौछा-२ भोजपुर ।

सफल बिक (बैशाख १५, २०८२), ब्याक्तिगत अन्तरबार्ता, सहिद परिवार पूर्व जनसेना, टेम्केमैयुङ गा.पा.- लेखर्क-९ भोजपुर ।

प्रर्शुराम तिवारि (बैशाख १५, २०८२), ब्याक्तिगत अन्तरबार्ता, नागरिक समाज भोजपुर ।

समीर मोक्तान (बैशाख १५,२०८२) ब्याक्तिगत अन्तरबार्ता, पूर्व जनसेना, रामप्रसाद राई गा.पा.-५ भोजपुर ।